COM. REG. No.: 218732/075/076
PAN No.: 303532918

Chirkhwa Hydro Power Ltd.

Kathmandu Metropolitan City-10, Kathmandu
Phone No.: 977- 01-4524381, P.O.Box 19387, E-Mail: chirkhwa@gmail.com

मिति: २०८३/०७/३०
प.स. ०८३/०८४
च.नं. : ६२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : पहिलो त्रैमासिक बितीय बिवरण प्रकाशन गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस चिरख्वा हाइड्रोपावर लिमिटेडको आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक वित्तिय विवरण मिति २०८३/७/३० गतेको राष्ट्रिय दैनिक पत्रिका समाचार पत्रमा प्रकाशित गरिएकोले सोको जानकारी तथा अभिलेखको लागि पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

.....
धान्यप्रसाद तिम्सिना
कम्पनी सचिव

Chirkhwa Hydropower Ltd. 2019 Nepal

Chirkhwa Hydropower Limited
KMC-10, Nepal

Unaudited Statement of Financial Position

Amount in NRs.

Particulars	This Quarter Ending on Aswin, 2083 (Unaudited)	Previous Quarter Ending on Asadh, 2083 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Aswin, 2082 (Unaudited)
Assets			
Non- Current Assets:			
Property, Plant & Equipment	13,72,254	14,95,851	19,32,835
Intangible Assets	1,10,19,75,284	1,10,33,55,146	1,13,56,43,476
Right of Use(ROU) Assets	13,09,517	13,86,470	20,29,969
Intangible Assets Under Construction	-	-	-
Other Non-Current Assets	50,000	50,000	50,000
Total Non- Current Assets	**1,10,47,07,055**	**1,10,62,87,467**	**1,13,96,56,281**
Current Assets			
Financial Assets			
Cash and Cash Equivalents	25,68,672	26,22,690	43,55,827
Trade Receivables	3,13,75,214	1,92,95,952	3,12,91,439
Loans and Advances	6,18,80,687	5,79,95,870	1,52,40,504
Other Current Assets	2,250	2,250	48,68,562
Total Current Assets	**9,58,26,823**	**7,99,16,762**	**5,57,56,332**
Total Assets	**1,20,05,33,878**	**1,18,62,04,229**	**1,19,54,12,613**
Equity			
Share Holder's Fund			
Share Capital	40,00,00,000	40,00,00,000	40,00,00,000
Retained Earnings	2,97,67,578	7,78,987	(3,47,02,150)
Total Equity	**42,97,67,578**	**40,07,78,987**	**36,52,97,850**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Loans and Borrowings	68,43,97,251	68,68,60,251	69,22,06,251
Lease Liabilities	16,62,718	18,36,671	22,79,595
Total Non-Current Liabilities	**68,60,59,969**	**68,86,96,922**	**69,44,85,846**
Current Liabilities:			
Financial Liabilities			
Short Term Loans and Borrowings	3,18,00,000	3,93,00,000	5,33,00,000
Trade and Other Payables	5,22,43,357	5,67,03,162	8,11,29,213
Other Current Liabilities	6,62,974	7,25,158	11,99,704
Total Current Liabilities	**8,47,06,331**	**9,67,28,320**	**13,56,28,917**
Total Liabilities	**77,07,66,300**	**78,54,25,242**	**83,01,14,763**
Total Equity and Liabilities	**1,20,05,33,878**	**1,18,62,04,229**	**1,19,54,12,613**

Sabita Maharjan
Accountant

Chirkhwa Hydropower Ltd. 2019 ★ Nepal ★

Dipak Rai
Chairman

CamScanner

Chirkhwa Hydropower Limited
KMC-10, Nepal

Unaudited Statement of Profit or Loss

Amount in NRs.

Particulars	From 1st Shrawan, 2083 to 31st Aswin, 2083	From 1st Shrawan, 2082 to 32th Asadh, 2083	From 1st Shrawan, 2082 to 31st Aswin, 2082 (Previous Year Corresponding Quarter)
Revenue from Operation	4,73,26,258	13,14,16,520	4,72,73,923
Less: Cost of Sales	38,16,008	1,86,21,816	43,95,454
Gross Profit /(Loss)	**4,35,10,250**	**11,27,94,704**	**4,28,78,469**
Add: Other Income	-	-	-
Total Income/(Loss)	**4,35,10,250**	**11,27,94,704**	**4,28,78,469**
Employee Benefit Expenses	7,92,704	35,66,496	10,12,467
Administrative Expenses	9,81,983	32,17,377	10,16,483
Depreciation and Amortization Expenses	16,62,607	66,50,428	1,09,76,655
Total Expenses	**34,37,294**	**1,34,34,301**	**1,30,05,605**
Profit/(Loss) from Operation	**4,00,72,956**	**9,93,60,403**	**2,98,72,864**
Finance Costs	1,10,84,365	4,63,54,961	1,23,48,561
Profit before Tax	**2,89,88,591**	**5,30,05,442**	**1,75,24,304**
Tax Expenses			
Current Tax Expenses	-	-	-
Deferred Tax	-	-	-
Net Profit for the Year	**2,89,88,591**	**5,30,05,442**	**1,75,24,304**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**2,89,88,591**	**5,30,05,442**	**1,75,24,304**

Sabita Maharjan
Accountant

Chirkhwa Hydropower Ltd. 2019 ★ Nepal ★

Dipak Rai
Chairman

CamScanner

Chirkhwa Hydropower Limited
KMC-10,Nepal

Ratios from Unaudited Financial Statements

Amount in NRs.

Particulars	This Quarter Ending on Aswin, 2083 (Unaudited)	Previous Quarter Ending on Asadh, 2083 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Aswin, 2082 (Unaudited)
Earning	2,89,88,591	5,30,05,442	1,75,24,304
No of Shares	40,00,000	40,00,000	40,00,000
Earning per Share	7.25	13.25	4.38
Earning per Share(Annualized)	7.25	13.25	4.38
Market Value per Share	581	638	572
Earnings per Share	7.25	13.25	4.38
P/E Ratio	80.17	48.15	130.56
Total Net Worth	42,97,67,578	40,07,78,987	36,52,97,850
No of Shares	40,00,000	40,00,000	40,00,000
Net Worth per Share	107.44	100.19	91.32
Total Assets	1,20,05,33,878	1,18,62,04,229	1,19,54,12,613
No of Shares	40,00,000	40,00,000	40,00,000
Total Assets per Share	300.13	296.55	298.85
Current Assets	9,58,26,823	7,99,16,762	5,57,56,332
Current Liabilities	8,47,06,331	9,67,28,320	13,56,28,917
Current Ratio	1.13	0.83	0.41

Sabita Maharjan
Accountant

Chirkhwa Hydropower Ltd. 2019 Nepal

Dipak Rai
Chairman

CamScanner

लुटिएकामध्ये ४ हजार हतियार र गोली गायब

नेपाल समाचारपत्र, भद्रपुर

जेनजी आन्दोलन भएको एक वर्ष पूरा भएको छ। एक वर्ष बितिसक्दा पनि झापामा जेनजी आन्दोलनका बेला प्रहरीबाट लुटेर लगेको धेरै हतियार फिर्ता भएको छैन। अझै ४ हजार हतियार र गोली गायब छ।

जसका कारण जिल्लामा सुरक्षा चुनौती पनि थप जटिल बन्दै गइरहेको हो। घटना विवरण अनुसार भदौ १५ गते जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका ३१ राउन्ड गोली फेला परेको छ।

लागूऔषध नियन्त्रणका लागि इलाका प्रहरी कार्यालय दमकबाट खटिएको स्विप अपरेसन टोलीले लागूऔषध सेवनकर्ताहरू बस्ने गोप्य अखडाहरू खोजतलास गर्ने क्रममा दमक-५ स्थित खरखरे खोलानजिकको पैनीको डिल झ्यासघारीमा कालो प्लास्टिकको पोको पारेर बेवारिसे अवस्थामा फालेको अवस्थामा गोली फेला पारेको थियो। ओएफबी १३ (५ दशमलव ५६) एमएमको लेखेको इन्सास राइफलमा प्रयोग हुने गोलीको ३१ राउन्ड फेला परेको प्रहरीले जनाएको छ। ती गोलीहरू जेनजी आन्दोलनमा इप्रका दमकबाट लुटिएको प्रहरीको दाबी छ।

त्यसअघि भदौ ६ गते मोरङ उर्लाबारी ६ घर भई हाल दमक नगरपालिका-१ रातोपुलस्थित अक्षय इन्टरप्राइजेज मोटरसाइकल ग्यारेजमा काम गर्ने २० वर्षीय सुमन कर्ण जेनजी आन्दोलनमा लुटिएको हतियारसहित पक्राउ परेका थिए। एक थान सर्ट गन दमक नगरपालिका-४ त्रिवेणी चोकस्थित खयरबारीमा लुकाई राखेको भन्ने गोप्य सूचनाको आधारमा कर्णलाई नियन्त्रणमा लिई उल्लेखित स्थानमा खोजतलास गर्ने क्रममा प्रहरीको मिक कम्बलमा पोका पारी लुकाई राखेको अवस्थामा १२१११४ नम्बरको ब्यारल भाच्चिई दुई टुक्रा भएको (बेसावुत) अवस्थामा सर्ट गन एक थान फेला परेको थियो।

गत वर्षको भदौ २३ र २४ गते जेनजी आन्दोलनका बेला इलाका प्रहरी कार्यालय दमकबाट ठूला र साना गरी नाल हतियार ५५ थान, म्याग्जिन ८७ थान, गोली ५ हजार ९ सय ८२ राउन्ड, रबरको गोली ७४ राउन्ड, ब्लांक ४८ थान र अश्रुग्यासको ८२ सेल लुटिएको थियो। त्यसमध्ये हालसम्म नाल हतियार ४३ थान, म्याग्जिन ४० थान, गोली १ हजार ७ सय ७८ राउन्ड, रबरको गोली ३५ राउन्ड, ब्लांक ३० थान र अश्रुग्यासको ७६ सेल फेला परेको छ।

हालसम्म इन्सास राइफल २ थान, त्यसको म्याग्जिन १८, गोली १ हजार ५ सय ७, एसएलआर राइफल एक थान, त्यसको म्याग्जिन ११, गोली १ हजार १५, ३ सय ३ राइफल एम ३ एक थान, त्यसको म्याग्जिन ३ थान,, ३ सय ३ राइफल एम ४ एक थान, त्यसको म्याग्जिन २ थान, दुवै राइफलको गोली १ हजार ४ सय ७६ राउन्ड, एसएमजी राइफल २ थान, त्यसको म्याग्जिन ११ थान, गोली ६२ राउन्ड, सर्ट गन एक थान, त्यसको गोली ६ राउन्ड, ग्यास गन २ थान, त्यसको गोली ६ राउन्ड, ठूलो चापे टी ५४ को म्याग्जिन २ थान, गोली ६ राउन्ड, सानो चापे टी ७७ को गोली १० राउन्ड, ३८ बोर रिवल्बर २ थान, गोली ४५ राउन्ड फेला पर्न नसकेको हो।

इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका ठूलो र सानो गरी १२ वटा हतियार, ४७ थान म्याग्जिन, गोली ४ हजार २ सय १०, रबरको गोली ३९ र ब्लांक १८ थान गरी कूल ४ हजार २ सय ६७ थान हतियार र गोली गायब नै रहेको प्रहरीले जनाएको छ।

Chirkhwa Hydropower Limited

KMC-10, Nepal, Phone No. : 01-4524381
Email : chirkhwa@gmail.com, Website : www.chirkhwahydropower.com

Unaudited Statement of Financial Position as at 31st Ashwin 2083

Amount in NRs.

Particulars	This Quarter Ending on Aswin, 2083 (Unaudited)	Previous Quarter Ending on Asadh, 2083 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Aswin, 2082 (Unaudited)
Assets			
Non- Current Assets:			
Property, Plant & Equipment	1,372,254	1,495,851	1,932,835
Intangible Assets	1,101,975,284	1,103,355,146	1,135,643,476
Right of Use(ROU) Assets	1,309,517	1,386,470	2,029,969
Intangible Assets Under Construction	-	-	-
Other Non-Current Assets	50,000	50,000	50,000
Total Non- Current Assets	**1,104,707,055**	**1,106,287,467**	**1,139,656,281**
Current Assets			
Financial Assets			
Cash and Cash Equivalents	2,568,672	2,622,690	4,355,827
Trade Receivables	31,375,214	19,295,952	31,291,439
Loans and Advances	61,880,687	57,995,870	15,240,504
Other Current Assets	2,250	2,250	4,868,562
Total Current Assets	**95,826,823**	**79,916,762**	**55,756,332**
Total Assets	**1,200,533,878**	**1,186,204,229**	**1,195,412,613**
Equity			
Share Holder's Fund			
Share Capital	400,000,000	400,000,000	400,000,000
Retained Earnings	29,767,578	778,987	(34,702,150)
Total Equity	**429,767,578**	**400,778,987**	**365,297,850**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Loans and Borrowings	684,397,251	686,860,251	692,206,251
Lease Liabilities	1,662,718	1,836,671	2,279,595
Total Non-Current Liabilities	**686,059,969**	**688,696,922**	**694,485,846**
Current Liabilities:			
Financial Liabilities			
Short Term Loans and Borrowings	31,800,000	39,300,000	53,300,000
Trade and Other Payables	52,243,357	56,703,162	81,129,213
Other Current Liabilities	662,974	725,158	1,199,704
Total Current Liabilities	**84,706,331**	**96,728,320**	**135,628,917**
Total Liabilities	**770,766,300**	**785,425,242**	**830,114,763**
Total Equity and Liabilities	**1,200,533,878**	**1,186,204,229**	**1,195,412,613**

Unaudited Statement of Profit or Loss

Amount in NRs.

Particulars	From 1st Shrawan, 2083 to 31st Aswin, 2083	From 1st Shrawan, 2082 to 32th Asadh, 2083	From 1st Shrawan, 2082 to 31st Aswin, 2082 (Previous Year Corresponding Quarter)
Revenue from Operation	47,326,258	131,416,520	47,273,923
Less: Cost of Sales	3,816,008	18,621,816	4,395,454
Gross Profit /(Loss)	43,510,250	112,794,704	42,878,469
Add: Other Income	-	-	-
Total Income/(Loss)	**43,510,250**	**112,794,704**	**42,878,469**
Employee Benefit Expenses	792,704	3,566,496	1,012,467
Administrative Expenses	981,983	3,217,377	1,016,483
Depreciation and Amortization Expenses	1,662,607	6,650,428	10,976,655
Total Expenses	**3,437,294**	**13,434,301**	**13,005,605**
Profit/(Loss) from Operation	40,072,956	99,360,403	29,872,864
Finance Costs	11,084,365	46,354,961	12,348,561
Profit before Tax	**28,988,591**	**53,005,442**	**17,524,304**
Tax Expenses			
Current Tax Expenses	-	-	-
Deferred Tax	-	-	-
Net Profit for the Year	**28,988,591**	**53,005,442**	**17,524,304**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**28,988,591**	**53,005,442**	**17,524,304**

Ratios from Unaudited Financial Statements

Amount in NRs.

Particulars	This Quarter Ending on Aswin, 2083 (Unaudited)	Previous Quarter Ending on Asadh, 2083 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Aswin, 2082 (Unaudited)
Earning	28,988,591	53,005,442	17,524,304
No of Shares	4,000,000	4,000,000	4,000,000
Earning per Share	7.25	13.25	4.38
Earning per Share(Annualized)	7.25	13.25	4.38
Market Value per Share	581	638	572
Earnings per Share	7.25	13.25	4.38
P/E Ratio	80.17	48.15	130.56
Total Net Worth	429,767,578	400,778,987	365,297,850
No of Shares	4,000,000	4,000,000	4,000,000
Net Worth per Share	107.44	100.19	91.32
Total Assets	1,200,533,878	1,186,204,229	1,195,412,613
No of Shares	4,000,000	4,000,000	4,000,000
Total Assets per Share	300.13	296.55	298.85
Current Assets	95,826,823	79,916,762	55,756,332
Current Liabilities	84,706,331	96,728,320	135,628,917
Current Ratio	1.13	0.83	0.41

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूचि १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित

आ.व २०८३/०८४ को प्रथम त्रैमासिक विवरण

१. **वित्तीय विवरण**

(क) आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अपरिष्कृत विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) व्यवस्थापनद्वारा तयार गरी यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु निम्न अनुसार रहेको छ :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	मूल्य आम्दानी अनुपात	तरलता अनुपात
७।२५	१०७।४४	३००।१३	८०।१७	१।१३

२. **व्यवस्थापकीय विश्लेषण :**

क) यस कम्पनीको माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको विद्युत मिति २०८१/२/२० गतेबाट बिक्री शुरु भएको ।

ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य नयाँ व्यवसायिक योजनाहरु नरहेको ।

ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था जानकारीमा नरहेको ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

यस त्रैमासिक अवधिमा कम्पनीले र कम्पनी विरुद्ध कुनैपनि मुद्दा दायर भएको छैन साथै उक्त अवधिमा कम्पनीका संस्थापक वा संचालकले र संस्थापक वा संचालकका विरुद्ध प्रचलित नियमको अवज्ञा, फौजदारी अपराध तथा आर्थिक अपराध सम्बन्धि कुनै पनि मुद्दा दायर भएको जानकारी छैन ।

४. **कम्पनीको शेयर कारोवार सम्बन्धि विश्लेषण :**

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार, शेयर कारोबारको सामान्य सिद्धान्त र नियमानुसार नै भएको हुँदा संस्थाको कुनै विशेष धारणा नरहेको । यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेनज लि. को वेबसाइट बमोजिम निम्नानुसार रहेको :

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार कूल दिन	कारोबार संख्या	कारोबार रकम
६४८।९०	५०१।५०	५८१।००	६१ दिन	१,८१,६५३	१०,३२,८५,३३५।००

५. **समस्या र चुनौती :**

संस्थाले बहन गर्नुपर्ने आन्तरिक समस्या तथा चुनौती नरहेको र बाह्य चुनौतीहरुमा परियोजना स्थलमा प्राकृतिक विपत्ति जस्तै बाढी पहिरो तथा भूकम्प रहेता पनि यस अवधिसम्ममा उक्त विपत्तिहरुले आयोजनालाई असर पारेको छैन ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा नियम कानुनको पालना तथा लेखा परीक्षकबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्न यथेष्ट कदमहरु चालेको छ ।

७. **सत्य, तथ्य सम्बन्धमा अध्यक्ष/प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजका मिति सम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना जानकारीहरु लुकाइएको छैन ।

संचालक अध्यक्ष

अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड
UPPER HEWAKHOLA HYDROPOWER COMPANY LIMITED

का.म.न.पा. वडा नं. २९, सहयोगमार्ग, अनामनगर, काठमाडौं, फोन नं. : ९७७-०१-५७०५७७४
इमेलः upperhewahpc@gmail.com वेबसाइटः www.upperhewahpc.com.np

Unaudited Balance Sheet (Quarterly)

As on 31st Asoj, 2083-(Corresponding to 17 October, 2026)
1st Quarter of FY-2083/084

Particulars	This Quarter ending Asoj 2083	Previous Quarter ending Asar 2083	Corresponding Previous Quarter ending Asoj 2082
Assets			
Non-Current Assets			
Property, Plant and Equipment	41,69,184	43,65,036	46,07,593
Intangible Assets	1,34,40,63,353	1,35,87,49,007	1,39,31,23,718
	1,34,82,32,537	**1,36,31,14,043**	**1,39,77,31,311**
Investment	**20,43,77,243**	**18,18,94,489**	**11,29,21,331**
Current Assets			
Trade and other Receivables	7,48,90,265	6,26,73,122	7,09,01,014
Cash and Cash Equivalents	5,21,501	3,38,056	37,47,278
	7,54,11,766	**6,30,11,179**	**7,46,48,292**
Total Assets	**1,62,80,21,545**	**1,60,80,19,711**	**1,58,53,00,935**
Equity and Liabilities			
Equity			
Issued Share Capital	57,50,00,000	57,50,00,000	50,00,00,000
Reserves/Retained Earnings	17,38,31,517	11,15,63,484	12,98,14,791
Provisions	18,06,873	33,61,979	5,34,308
Total Equity	**75,06,38,390**	**68,99,25,463**	**63,03,49,099**
Non-Current Liabilities			
Financial Liabilities	84,91,79,609	88,33,79,609	91,75,31,196
	84,91,79,609	**88,33,79,609**	**91,75,31,196**
Current Liabilities			
Trade and other Payables	2,35,26,472	70,55,965	1,83,54,805
Financial Liabilities	46,77,074	2,76,58,673	1,90,65,835
	2,82,03,546	**3,47,14,638**	**3,74,20,640**
Total Liabilities	**87,73,83,156**	**91,80,94,248**	**95,49,51,836**
Total Equity and Liabilities	**1,62,80,21,545**	**1,60,80,19,711**	**1,58,53,00,935**

Unaudited Statement of Profit or Loss

As on 31st Asoj, 2083-(Corresponding to 17 October, 2026)
1st Quarter of FY-2083/084

Particulars	This Quarter ending Asoj 2083	Previous Quarter ending Asar 2083	Corresponding Previous Quarter ending Asoj 2082
Continuing operations			
Revenue from contracts with customers	9,59,96,233	26,16,70,877	9,33,19,758
Revenue	**9,59,96,233**	**26,16,70,877**	**9,33,19,758**
Cost of Sales	(24,40,629)	(86,80,286)	(16,32,634)
Gross Profit	**9,35,55,604**	**25,29,90,591**	**9,16,87,124**
Other Operating Income	-	-	-
Selling and Distribution expenses	-	-	-
Administrative &Insurance Expenses	(72,95,341)	(2,34,72,892)	(62,44,425)
Other Operating Expenses- (With Depreciation)	(1,44,70,434)	(5,92,33,235)	(1,44,89,186)
Operating Profit	**7,17,89,830**	**17,02,84,464**	**7,09,53,514**
Finance Cost	(1,27,28,079)	(5,91,07,086)	(1,75,62,824)
Finance Income	17,390	1,72,331	40,156
Other income	11,49,951	7,16,264	-
Profit before tax from Continuing Operations	**6,02,29,092**	**11,20,65,973**	**5,34,30,845**
Income tax expense			
Current Tax	-	-	-
Deferred Tax	-	-	-
Provision for Staff Bonus	(12,04,582)	(22,41,319)	(10,68,617)
Provision for CSR	(6,02,291)	(11,20,660)	(5,34,308)
Profit for the year from Continuing Operations	**5,84,22,219**	**10,87,03,994**	**5,18,27,920**
Discontinued Operations			
Profit/(Loss) after tax for the year from discontinued operations	-	-	-
Profit for the year	**5,84,22,219**	**10,87,03,994**	**5,18,27,920**
Earnings per Share			
Basic Earnings per Share (Annualized)	40.64	18.91	41.46
Diluted Earnings per Share	40.64	18.91	41.46

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) सँग सम्बन्धित

आ.व.२०८३/०८४ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**:

(क) आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **न्यूनतम रुपमा प्रमुख वित्तीय विवरणहरू :**

प्रति शेयर आम्दानी: रु. ४०.६४ वार्षिकीकरण	**प्रति शेयर नेटवर्थ: रु.१३०.२३**
प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु.२८३.१३	**मूल्य आम्दानी अनुपात (PE Ratio) : १४.४९**

२. **व्यस्थापकीय विश्लेषण** :

कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरू

कम्पनीले सञ्चालन गरी रहेको अपर हेवाखोला साना जलविद्युत आयोजना सन्तोषजनक रुपमा सञ्चालन हुँदै आएको छ । यस आ.व. (२०८३/०८४) को प्रथम चौमासिकको विद्युत उत्पादन विधुत खरिद बिक्री सम्झौता अनुसारनै १०० प्रतिशत रहेको छ । गत वर्षको बोनश शेयर वितरणबाट प्राप्त भएको रकम कम्पनीले चौधौं वार्षिक साधारण सभाको निर्णय बमोजिम नै २७.९ मेगावाट क्षमताको मध्य इँदुखु जलविद्युत आयोजनामा लगानी गरेको छ । कम्पनीसँग रहेको नगद मौजदातबाट अन्य दुईवटा जलविद्युत आयोजनाको शेयरमा पनि लगानी गरिएको छ । आयोजनाको पुनः निर्माण पश्चात गएको दुई वर्षमा कम्पनीले कुनै प्रकारको विमा दाबी गर्नु परेको छैन, तथापि सबै प्रकारका जोखिमहरुको बिमा भने गरिएको छ । आयोजनाका मेसिन उपकरण लगायत भौतिक संरचनाहरुको नियमित मर्मत संभार गर्ने गरेको र आवस्यकता अनुसारका स्पीयर पार्टस जगेडामा राख्ने गरिएको छ । यसले गर्दा आयोजनाबाट हुने विद्युत उत्पादन नियमित र भरपर्दो छ । त्यसैले, कम्पनीले प्राप्त गर्ने आम्दानी र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरू घटिहाल्ने अवस्था छैन ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण** :

यस कम्पनीले कसै उपर कुनै कानुनी प्रकृया चलाएको छैन र अन्य कसैले पनि यस कम्पनी उपर कुनै मुद्दा चलाएको छैन ।

४. **कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण** :

अधिकतम मूल्य	**रु.६७०**	**कुल कारोवार दिन**	**६३**
न्युनतम मूल्य	**रु.५४६.४०**	**कुल कारोवार संख्या**	**११,५५८**
समिक्षा अवधिको अन्तिम मुल्य	**रु.५८८.८०**	**कुल कारोवार शेयर संख्या**	**२०,६४,२६६**

५. **समस्या, चुनौतिहरू तथा रणनीतिहरू** :

मौसम परिवर्तनको समस्या प्रमुख चुनौतिको रुपमा रहेको छ ।

६. **संस्थागत सुशासन** :

कम्पनीले संस्थागत सुशासनलाई

सदैव उच्च प्राथमिकतामा राख्दै आएको छ र सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूको पूर्ण रुपमा पालना गरिएको छ, ।

७. **सत्य तथ्य सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण** :-

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण जिम्मेवार छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित गर्न आवश्यक पर्ने कुनै पनि विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

व्यावसायिक फर्म खारेज गर्नेको संख्या बढ्दो

अमृत अर्याल, स्याङ्जा

स्याङ्जामा आर्थिक वर्ष २०८२/०८३ मा नयाँ थपिने भन्दा खारेज हुने व्यावसायिक फार्मको संख्या धेरै छ। गत वर्ष २ सय ९० नयाँ उद्योग दर्ता हुँदा ३ सय ३४ उद्योग खारेजीमा परेका छन्।

एकीकृत सेवा कार्यालयका अनुसार नयाँ दर्ता हुनेमा १ सय ४९ उद्योग र वाणिज्यतर्फका १ सय ४२ व्यावसायिक फर्मसमेत गरी २ सय ९० रहेका छन्। खारेजी हुनेमा उद्योगका १ सय ६९ र वाणिज्यतर्फ १ सय ६५ फर्म गरी ३ सय ३४ रहेका छन्। नयाँ दर्ताको तुलनामा ४४ वटा बढी उद्योग लगतकट्टा भएका हुन्।

पछिल्लो समय व्यापार व्यवसायमा आएको मन्दीसँगै व्यावसायिक फार्महरू खारेजी गर्ने क्रम बढ्दै गएको छ। जिल्लामा नयाँ उद्योग दर्ता हुँदा झन्डै ३६ करोड ४० लाख रुपियाँ नयाँ लगानी थपिएको छ। उद्योगतर्फ करिब २२ करोड २० लाख रुपियाँ लगानी थपिँदा वाणिज्य क्षेत्रमा करिब १४ करोड २० लाख रुपियाँ नयाँ लगानी गरिएको कार्यालयले जनाएको छ।

उद्योग र वाणिज्यमा नयाँ उद्योग र लगानी थपिदा झन्डै ६ सय नयाँ रोजगारी सिर्जना भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। गएकै वर्ष ३ सय ३४ उद्योग खारेजीमा परेसँगै ४१ करोड ८५ लाख रुपियाँ लगानी बाहिरिएको छ। उद्योगतर्फ २५ करोड ३ सय ५० लाख रुपियाँ बाहिरिँदा वाणिज्य क्षेत्रको झन्डै १६ करोड ५० लाख रुपियाँ बाहिरिएको कार्यालय प्रमुख जीवन पौडेलले बताउनुभयो। खारेजीमा पर्ने उद्योगको संख्या बढी भएकै कारण झन्डै ५ करोड ४५ लाख रुपियाँ बाहिरिएको उहाँको कथन छ।

खारेजी भएका व्यावसायिक फार्महरूमा कृषि तथा पशुपालन, खाजा घर, रेस्टुरेन्ट, कुटानी पिसानीका उद्योग र फेन्सी पसल रहेको कार्यालयले जनाएको छ। नयाँ उद्योगमध्ये अधिकांश महिलाको नाममा दर्ता भएको छ। उद्योग दर्तामा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट हुने भएपछि महिलाको नेतृत्वमा उद्योग दर्ता हुने क्रम बढ्दै गएको हो।

नयाँ दर्ता हुनेमा कृषि, उत्पादन, सप्लायर्स, पर्यटनसहितका उद्योग रहेका छन्। पछिल्लो तथ्यांक अनुसार नयाँ दर्ताको तुलनामा खारेजी हुने उद्योगको संख्या बढ्दै जानु युवायुवती वैदेशिक रोजगारका लागि बिदेसिनु प्रमुख कारण मानिएको छ। युवायुवती रोजगारीका लागि विदेश गएसँगै अभिभावकले पेशा, व्यवसाय छोड्ने, बढ्दै गएको आर्थिक शिथिलता र अनुदानमुखी उद्योगहरू खारेजीको क्रममा रहेको कार्यालयका उद्योग तथा वाणिज्य शाखा प्रमुख कृष्ण लम्सालले बताउनुभयो।

गत वर्ष जिल्लामा उद्योगतर्फ ९ सय ७६ र वाणिज्यतर्फका १ हजार २१ गरी १ हजार ९ सय ९७ उद्योग, व्यावसायिक फर्म तथा पसल नवीकरण गरिएको थियो। नवीकरण भएका उद्योग तथा पसलबाट करिब ६० लाख राजस्व संकलन भएको छ।

नवीकरण भएका फर्म तथा पसलहरूमा झन्डै २ अर्ब ५० करोड लगानी र करिब चार हजार नागरिकले रोजगारी पाएको कार्यालयले जनाएको छ।

७ लाख ३२ हजार नागरिक स्वास्थ्य बीमामा आबद्ध

डोटी, (नेस)

सुदूरपश्चिम प्रदेशमा ७ लाख ३२ हजारभन्दा बढी नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका छन्। स्वास्थ्य बीमा बोर्ड सुदूरपश्चिम प्रदेश कार्यालयका अनुसार गत भदौ मसान्तसम्म प्रदेशभर ७ लाख ३२ हजार ७ सय ५२ जना स्वास्थ्य बीमा प्रणालीमा जोडिएका हुन्।

स्वास्थ्य बीमा व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको तथ्यांकअनुसार प्रदेशका नौ जिल्लामध्ये सबैभन्दा बढी कैलालीका नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन्। कैलालीमा मात्रै ३ लाख ६१ हजार ९ सय ७९ जना बीमित रहेको बोर्डका सुदूरपश्चिम संयोजक जनकबहादुर साउदले जानकारी दिनुभयो। उहाँका अनुसार कञ्चनपुरमा ८७ हजार ८७, अछाममा ६७ हजार ३ सय ८, बझाङमा ५२ हजार २ सय ११, बाजुरामा ४५ हजार ४ सय ५४, बैतडीमा ३४ हजार २ सय ७०, डडेलधुरामा ३३ हजार ३ सय ७८, डोटीमा २७ हजार ८ सय ६२ र दार्चुलामा २३ हजार २ सय ३ जना स्वास्थ्य बीमामा आबद्ध छन्।

स्वास्थ्य बीमा कार्यक्रम नागरिकलाई सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने र उपचारमा हुने ठूलो आर्थिक भारबाट परिवारलाई जोगाउने उद्देश्यले सामाजिक सुरक्षा योजनाका रूपमा विसं २०७२ चैत २५ गतेदेखि सञ्चालनमा आएको हो। कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न स्वास्थ्य बीमा ऐन-२०७४ तथा स्वास्थ्य बीमा नियमावली-२०७५ अनुसार स्वास्थ्य बीमा बोर्ड गठन गरिएको हो।

संविधानको धारा ३५ ले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क तथा स्वास्थ्यसम्बन्धी सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। स्वास्थ्य बीमा कार्यक्रम संविधानप्रदत्त स्वास्थ्य तथा सामाजिक सुरक्षाको हक कार्यान्वयन गर्ने महत्वपूर्ण माध्यमका रूपमा विस्तार भइरहेको संयोजक साउदले बताउनुभयो।

हाल स्वास्थ्य बिमामा आबद्ध हुन पाँच जनासम्मको परिवारले वार्षिक ३ हजार ५ सय योगदान रकम तिर्नुपर्ने व्यवस्था छ। पाँच जनाभन्दा बढी सदस्य भएमा थप प्रत्येक सदस्यका लागि ७ सयका दरले शुल्क लाग्ने गरेको छ।